## छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ४ २०८० पौष २७ गते

भाग-१

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत २०८० सालको ऐन नं. २**

**छायाँनाथ रारा नगरपालिका न्यायिक समिति कार्यविधि सम्बन्धी (दोस्रो संशोधन) ऐन, २०८०**

# <u>छायाँनाथ रारा नगरपालिका न्यायिक समिति कार्यविधि सम्बन्धि (दोस्रो संशोधन) ऐन, २०८०</u>

**<u>प्रस्तावनाः</u>** छायाँनाथ रारा नगरपालिका न्यायिक समिति कार्यविधि सम्बन्धि (दोस्रो संशोधन) ऐन, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिका न्यायिक समिति कार्यविधि सम्बन्धि (दोस्रो संशोधन) ऐन, २०८० रहेको छ।

(२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>छायाँनाथ रारा नगरपालिका न्यायिक समिति कार्यविधि सम्बन्धि (दोस्रो संशोधन) ऐन, २०८० को दफा १ मा संशोधनः</u>** छायाँनाथ रारा नगरपालिका न्यायिक समिति कार्यविधि सम्बन्धि (दोस्रो संशोधन) ऐन, २०८० (यस पछि "मूल ऐन" भनिएको) को दफा १ मा,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐनको नाम छायाँनाथ रारा नगरपालिकाको "न्यायिक समिति कार्यविधि सम्बन्धि (दोस्रो संशोधन), २०८० रहेको छ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ।"

३. **<u>मूल ऐनको दफा ३ मा संशोधनः</u>** मूल ऐनको दफा ३ को,-

(१) दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"**३. <u>उजुरीमा निर्णय सम्बन्धि कामः</u>** समितिमा दर्ता भएका उजुरी वा उजुरीको निर्णय गर्ने वा दर्ता भएको नालिश वा उजुरीको कुनै व्यहोराले लगत कट्टा गर्ने अधिकार न्यायिक समितिलाई मात्र हुनेछ।"

४. **<u>मूल ऐनको दफा ६ मा संशोधनः</u>** मूल ऐनको दफा ६ को,-

(१) दफ ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"**६. <u>समितिले हेर्नेः</u>** समितिलाई देहाय बमोजिमको उजुरीहरूमा कारवाही र किनारा गर्ने अधिकार रहनेछ।

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) र (२) अन्तर्गतको उजुरी,

(ख) छायाँनाथ रारा नगरपालिकाको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धि कार्यविधि, २०७९

(ग) मेलमिलाप ऐन २०६८ अनुसार मेलमिलापको लागि नगरपालिकामा प्रेषित उजुरी,

(घ) संविधानको अनुसूची-८ अन्तर्गतको एकल अधिकार अन्तर्गत सभाले बनाएको कानून बमोजिम निरुपण हुने गरी सिर्जित उजुरी तथा,

(ङ) प्रचलित कानूनले नगरपालिकाले हेर्ने भनि तोकेका उजुरीहरु।"

**५.** **<u>मूल ऐनको दफा ७ मा संशोधनः</u>** मूल ऐनको दफा ७ को,-

(१) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"**७. <u>समितिको क्षेत्रधिकारः</u>** समितिले दफा ६ अन्तर्गतका मध्ये देहाय बमोजिमका उजुरीहरूमा मात्र क्षेत्राधिकार ग्रहण गर्ने तथा कारवाही किनारा गर्नु पर्छ।

(क) व्यक्तिको हकमा उजुरीका दुबै पक्ष वा एक पक्ष नगरपालिकाको भौगोलिक क्षेत्राधिकार भित्र स्थायी वासिन्दा हुनु पर्ने,

(ख) विवादसँग सम्बन्धित घर, जग्गा वा अन्य नगरपालिकाको भौगोलिक क्षेत्रभित्र रहेको हुनु पर्ने,

(ग) विवादको दुवै वा एक पक्ष सो स्थानीय तहको स्थायी वासिन्दा नभएता पनि सो विवाद सम्बन्धि घटना यसै नगरपालिकाको भुभाग भित्र घटेको हुनुपर्ने,

(घ) विषयबस्तुको प्रकृतिको कारण सो विवाद यस नगरपालिकाले नै हेर्न उपयूक्त हुने भनी अन्य स्थानीय तह वा अन्य निकायबाट लेखी आएको हुनुपर्ने।

(ङ) प्रचलित कानून र संविधानको भाग ११ अन्तर्गतको कुनै अदालत वा न्यायाधीकरण वा निकायको क्षेत्राधिकार भित्र नरहेको,

(च) नगरपालिकाको क्षेत्राधिकार भित्र परेका कुनै अदालत वा निकायबाट मेलमिलापको लागि प्रेषित गरीएको,

(छ) अचल सम्पत्ति समावेश रहेको विषयमा सो अचल सम्पत्ति नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहिरहेको।"

**६.** **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को,-

(१) दफा १४ को उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-

"(३) मुद्दा दर्ता निवेदन बाहेकका अन्य जुनसुकै निवेदन वापत प्रचलित कानूनमा दस्तुर नलाग्ने भनेकोमा बाहेक दश रुपैयाँ निवेदन वापत दस्तुर लाग्नेछ।"

**७.** **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को,-

(१) दफा २० को उपदफा (६) पछि देहायको उपदफा (७) राखिएको छः-

"(७) उपदफा (५) बमोजिम गर्दा अतिरिक्त खर्च लाग्ने भएमा समितिले त्यस्तो खर्च वादिबाट असूल गर्नु पर्छ र उजुरी जितेपछि वादिलाई प्रतिवादीबाट उक्त खर्च भरिभराउ गरिदिनुपर्छ।"

८. **<u>मूल ऐनको दफा ५९ मा संशोधनः</u>** मूल ऐनको दफा ५९ को,-

(१) दफा ५९ को सट्टा देहायको दफा ५९ राखिएको छः-

"५९. **<u>मेलमिलापकर्ता सूची तयार गर्नेः</u>** (१) समितिले मेलमिलापको कार्य गराउनको लागि देहाय बमोजिमको योग्यता पुगेको व्यक्तिहरूको विवरण खुलाई सम्भावित मेलमिलापकर्ताको सूची तयार गर्नेछः-

(क) कम्तीमा माध्यमिक तह उत्तिर्ण गरेको,

(ख) कुनै राजनीतिक दल प्रति आस्था राखी राजनीतिमा सक्रिय नरहेको तथा,

(ग) स्थानीय स्तरमा समाजसेवीको रुपमा पहिचान बनाएको,

(घ) प्रचलित कानून बमोजिम मेलमिलापकर्ताको तालिम लिई मेलमिलापकर्ताको कार्य गर्दै आएको,

(ङ) एकाईस बर्ष उमेर पुरा भएको,

(च) माथी योग्यतामा जुन सुकै कुरा लेखिएको भएता पनि तालिम लिई हाल काम गरिरहेकाको हकमा निजलाई निरन्तरता दिन सकिने,

(छ) खण्ड (क) बमोजिम योग्यता अनुसारको व्यक्ति वडामा फेला नपरेको खण्डमा सो वडामा सामाजिक कार्यमा लागेको व्यक्ति, मेलमिलापको कार्य गर्न सक्छ भनि विश्वासिलो मेलमिलाप तालिम लिएका व्यक्ति लाई समेत राख्न सक्ने,

(ज) नैतिक पतन देखिने कुनै फोजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(झ) दामासाहीमा नपरेको,

(ञ) होस ठेगानामा रहेको,

(ट) मेलमिलाप सम्बन्धी प्रचलित सङ्घिय कानून बमोजिमको योग्यता पुगेको।

(२) मेलमिलापकर्ताको सूची तयार गरेपछि समितिले सूची सभा समक्ष पेश गरी अनुमोदन गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूची अनुमोदन भएपछि समितिले सार्वजनिक जानकारीको लागि सूचना प्रकाशन गर्नु पर्नेछ तथा मेलमिलापको लागि पठाउँदा प्रत्येक पक्षलाई सो सूची उपलब्ध गराउनु पर्छ।"

९. **<u>मूल ऐनको दफा ७९ मा संशोधनः</u>** मूल ऐनको दफा ७९ को,-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) सम्पति रोक्का सम्वन्धि आदेश अनुसूची-१४ बमोजिम ढाचाँमा हुनुपर्छ।"

निर्णय भएको मितिः २०८०/०९/२७

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय अधिकृत